# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, साउन १५ गते २०६३ साल (अतिरिक्तांक २६ (अ)

## भाग ३

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको
सुचना

**वीर अस्पताल विकास समिति (गठन) आदेश, २०६३**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "वीर अस्पताल विकास समिति (गठन) आदेश, २०६३" रहेको छ ।

(२) यो आदेश संवत् २०६३ साल बैशाख २४ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२ **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अस्पताल" भन्नाले वीर अस्पताल सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ वमोजिम गठित वीर अस्पताल विकास समिति सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले समितिको अध्यक्ष तथा सदस्य सचिव समेतलाई जनाउछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तरगत वनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ **समितिको गठन**: (१) वीर अस्पताल विकास समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उपदफा (१) वमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | नेपाल स्वास्थ्य सेवाबाट निबृत्त चिकित्सकहरु मध्येबाट नेपाल सरकारबाट मनोनित व्यक्ति | -अध्यक्ष |
| (ख) | प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | -सदस्य |
| (ग) | मेयर, काठमाडौं महानगरपालिका | -सदस्य |
| (घ) | वरिष्ठ चिकित्सकहरु मध्येबाट नेपाल सरकारद्धारा मनोनित दुईजना | -सदस्य |
| (ङ) | लव्ध प्रतिष्ठित समाजसेवी मध्येबाट समितिद्वारा मनोनित एकजना | -सदस्य |
| (च) | अस्पतालबाट विभिन्न विभागका प्रमुखहरु मध्ये समितिद्वारा मनोनित | -सदस्य |
| (छ) | अस्पतालको मेट्रोन | -सदस्य |
| (ज) | अस्पतालको कर्मचारी मध्ये समितिले तोकेको एकजना कर्मचारी | -सदस्य |
| (झ) | अस्पतालको निर्देशक | सदस्य-सचिव |

(३) समितिले आवश्यक देखेमा कुनै विज्ञ व्यक्तिलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा २ को खण्ड (क), (घ),(ङ) (च) र (ज) वमोजिमका सदस्यहरुको पदावधि तीनवर्षको हुनेछ ।

(५) नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

४ **समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-

(क) अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा सुचारुरुपमा सञ्चालन तथा विस्तार गर्न आवश्यक कार्य गर्ने,

(ग) अस्पताल व्यवस्थापनकोलागि दीर्घकालिन र अल्पकालिन योजना तर्जुमा गर्ने गराउने,

(घ) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानसँग आवद्ध भई चिकित्सा विज्ञानको क्षेत्रमा उच्च स्तरीय अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) अस्पताल व्यवस्थापन र सञ्चालनको लागि आवश्यक साधन र श्रोत जुटाउने,

(च) अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(छ) अस्पतालको सेवा शुल्कको निर्धारण गर्ने,

(ज) अस्पतालको भौतिक सम्पत्तीको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(झ) अस्पतालको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,

(ञ) उपर्युक्त कार्य गर्नका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकार वाहेक अन्य कुनै काम गर्न समितिले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

360



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **समितिको वैठक र निर्णय :** (१) समितिको वैठक समितिको अध्यक्षले तोकेवमोजिम बस्नेछ ।

(२) समितिको एक तिहाई सदस्यहरुले वैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी दिई वैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य सचिवले समितिको वैठक आवश्यकता अनुसार बोलाउन सक्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरुले आफुहरु मध्येबाट छानेका व्यक्तिले समितिको वैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको वैठक कम्तीमा चार महिनामा एक पटक बस्नु पर्नेछ ।

(९) समितिको वैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

६. **समितिको कोष :** (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहने छ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहाय वमोजिमका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) अस्पतालको सेवा प्रदान गरे वापत प्राप्त रकम,

(ग) कुनै विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्था वा दाताहरुबाट प्राप्त हुने रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) समितिको सम्पूर्ण खर्च उपदफा (१) वमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) कुनै विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्था वा दाताबाट रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

(५) समितिको नाममा कुनै बाणिज्य बैकमा खाता खोली कोषको संचालन गरिनेछ ।

(६) समितिको कोषको संचालन अस्पतालको कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

७. **लेखा र लेखापरीक्षण** : (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

८. **कर्मचारी सम्बन्धी व्यवस्था :** समितिमा आवश्यकतानुसार कर्मचारी नियुक्त हुनु सक्नेछन् र निजहरुको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

९. **प्रतिवेदन पेश गर्नु पर्ने:** समितिले प्रत्येक महिनाको ७ गते भित्र अस्पतालको मासिक प्रतिवेदन स्वास्थ्य सेवा विभाग समक्ष पेश गर्नु पर्नेछ ।



३६७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **उपसमिति गठन गर्न सक्नेः** (१) समितिले यो आदेश वा यस आदेश अन्तरगत वनेको नियम वमोजिम आफूले गर्नु पर्ने काम गर्न वा सो काममा सहयोग गर्न आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार, कार्यविधि तथा सुविधा समतिले उपसमिति गठन गर्दाका वखत तोकिदिए वमोजिम हुनेछ ।

११. **अधिकार प्रत्यायोजन** : समितिले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार समितिको कुनै सदस्य वा समिति वा दफा १० वमोजिमको उपसमिति वा अस्पतालको वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **निर्देशन दिन सक्ने** : नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्नु परेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. **नियम बनाउन सक्नेः** यस आदेशको उद्देश्य कार्यान्वयन गर्न समितिले अवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ ।

१५. **बचाउः** (१) सम्बत् २०६२ साल कार्तिक २४ गतेजारी भएको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अध्यादेश, २०६२ अन्तर्गतको अस्पताल व्यवस्थापन समितिले गरेको काम कारवाहीहरु यस आदेश बमोजिम गठित अस्पताल विकास समितिले गरेको मानिनेछ ।

(२) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा कार्यरत वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७ अन्तर्गतका कर्मचारी यसै आदेश अन्तर्गत वीर अस्पतालमा सर्नेछन् ।

(३) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अन्तरगत रहेको वीर अस्पतालको हक, अधिकार, दायित्व र सम्पत्ति आदेश अन्तरगत गठित वीर अस्पताल विकास समितिमा सर्नेछ ।

**आज्ञाले,**
**रामचन्द्रमान सिंह**
**नेपाल सरकारको सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।–**
**गो.ह.द.नं. १६।०६२।६३**

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार